# नवयात्रा बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड
# काठमाण्डौ म.न.पा १०, काठमाण्डौ

नीति कार्यक्रम र बजेट

**(आ.व २०८२/०८३ का लागि)**

**भूमिका :**

संस्थाले परिकल्पना गरेको लक्ष्य हासिल गर्नका लागि संस्थालाई व्यबसायिक, दिगो र आधुनिक प्रविधिमैत्री सहकारीको रुपमा बिकास गर्नुपर्ने आवश्यकता अनुरुप सदस्यहरुको इच्छा, चाहना र भावनाको समेत सम्बोधन गर्दै दूरगामी नीति तथा कार्यक्रमको आवश्यकता पर्दछ । संस्थाको वित्तीय स्वास्थ्य तन्दुरुस्त राख्न सहकारी मूल्य मान्यता र सिद्धान्तको अधिनमा रही आर्थिक गतिविधि गर्नुपर्ने हुन्छ । साथै संस्थाको सामाजिक उत्तरदायित्वको सवाललाई जीवन्त र समुदायसँग अटुट बनाईराख्न समुदाय केन्द्रीत कार्यक्रमको आवश्यकता पर्दछ ।

सबल, सक्षम तथा विश्वसनीय सहकारी निर्माणको सुनिश्चितता प्रदान गर्न संस्थामा आबद्ध सबैको संयुक्त पहल र प्रयास महत्वपूर्ण रहन्छ । वित्तीय व्यवस्थापन सुदृढ गर्न दीर्घकालिन अवधिको बचत र लगानी फिर्ताको सुनिश्चितता गरि बचत तथा ऋणको कारोबार गर्ने हेतुले वित्तीय कार्यक्रम अवलम्बन गरिएकोछ । संस्थालाई उज्वल भबिष्यतर्फ डोर्‍याउनका लागि वैज्ञानिक एबम समयसापेक्ष अनुकुल नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका लागि बजेटको आवश्यकता पर्ने भएकोले आबश्यक पुँजीको व्यवस्थापन, खर्चका श्रोतहरुको पहिचान तथा परिचालन र व्यवस्थापकीय पक्षहरुलाई समेत विश्लेषण गरी आ.व. २०८२/०८३ को लागि नीति तथा कार्यक्रम प्रस्ताव गरिएकोछ ।

संस्थाको मूल नारा “**हामीसँग नवयात्रा”** तय गरिएको छ ।

## आ.व ०८२ /०८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रमः

**१. संस्थाको छवि निर्माण**

- दिगो, व्यवसायिक, सुरक्षित र मर्यादित संस्थाका रुपमा सञ्चालन गर्न
- समग्र जोखिम बहन गर्न ।
- नवयात्रा ब्राण्डको रुपमा स्थापित गर्न ।

**२. विश्वसनीयतामा बृद्धि**

- छवि निर्माणको पहलकदमी मार्फत संस्थाप्रतिको विश्वसनियता बृद्धि गर्ने ।

**३. सहकारी अभियान वर्ष**

- संस्थाको सञ्जाल विस्तारका लागि आ.व. २०८३।०८४ लाई सहकारी भभियान वर्षको रुपमा सञ्चालन गरिनेछ ।

**४. संयुक्त पहल**

- संस्थाप्रति सदस्यको अपनत्वको भावना बिकास गर्न ।

**५.गुणस्तरीय वित्तीय सेवा**

- संस्थाको संरचनागत ढाँचामा परिवर्तन गरि सेवाको गुणस्तर कायम गर्ने ।
- वित्तीय  साक्षरता तथा सदस्य क्षमता अभिबृद्धि कार्यक्रम गर्ने ।
- रेमीटेन्स सेवा सञ्चालन गर्ने ।
- वित्तीय सेवा प्रवाहका लागि नवीनतम प्रविधि तथा प्रणालीको प्रयोग गर्ने
- नियमित मासिक बचत संकलन गर्ने ।
- दीर्घकालिन अवधिका बचत संकलन गर्ने ।
- धितो तथा बिनाधितो कर्जा

**६.सेवा प्रवाह तथा सम्बन्ध विस्तार**

- बिश्वसनीय र छरितो सेवा मार्फत सदस्यहरुसँगको सम्बन्ध विस्तार गर्ने ।

**७. सम्पर्क समन्वय तथा मार्गदर्शन**

- संस्थामा आउन सक्ने चुनौती तथा समस्याहरुको समाधानका लागि सबैको साथ सहयोग प्राप्त गर्न ।

**८. आधुनिक बैंकिङ सुविधा**

- SMS Banking र Mobile Banking सुविधा निशुल्क उपलब्ध गराउने ।
- ATM सेवालाई प्रभाबकारी बनाउने ।
- सबै सदस्यलाई Fone Pay उपलब्ध गर्ने ।
- QR मार्फत भुक्तानी गर्न प्रेरित गर्ने

**९. आन्तरिक व्यवस्थापन र दिगोपना**

- जगेडा कोष, सहकारी बिकास कोष लगायत बिभिन्न कोषहरुमा बृद्धि गरि वित्तीय व्यवस्थापनको दिगोपनामा जोड गर्ने ।
- नीति, नियमावली, कार्यविधि मापदण्ड र आचारसंहिता लागु गरि संस्थागत पद्धतिको बिकास गर्ने ।

**१०. जिम्मेवारी र जवाफदेहिताको सुनिश्चितता**

- हरेक तीन महिनाको कार्यसम्पादन मूल्याङ्कन गर्ने तथा सुधार गर्ने ।

**११. वित्तीय दिगोपनाको लागि उत्पादन तथा व्यवसाय**

- सहकारीको पूर्ण स्वामित्वमा उत्पादन, सेवामूलक व्यापार, व्यवसाय सञ्चालन गर्ने ।

**१२. सूचना र जानकारी**

- संस्थाको डिजीटाइजेशन गर्ने, वेबसाइट तथा अनलाइन पोर्टल सञ्चालन गर्ने ।

**१३. सदस्य गुनासो निवारण**

- भौतिक र अभौतिक माध्यमबाट गुनासो राख्न पाउने प्रणालीको बिकास गर्ने ।

**१४. एकीकरण**

- उद्धेश्य मिल्ने सहकारी संस्थालाई नवयात्रा सहकारीसँग एकीकरण गरिनेछ ।

**१५. अनुगमन तथा मुल्यांकन**

- संस्थागत गतिविधिहरुको अनुगमन तथा मूल्यांकन गर्ने ।

**१६. कार्यालय सञ्चालन तथा व्यवस्थापन**

**क) कार्यालय सञ्चालन**

- संस्थाको कार्यालय सञ्चालन समय फागुन १५ देखी कार्तिक १५ सम्म हरेक दिन ९:४५ देखी ५:०० बजेसम्म र कार्तिक १६ देखी फागुन १४ सम्म ९:४५ देखी ४:०० बजेसम्म हुनेछ ।
- कार्यालयलाई आकर्षक र चुस्त राख्न आबश्यक कार्य गरिनेछ ।

**ख) कर्मचारी व्यवस्थापन**

- संस्थामा आबश्यक जनशक्तिको ब्यबस्थापन गरिनेछ ।

**ग) सम्पत्ति सामान तथा प्रविधि व्यवस्थापन**

- संस्था सञ्चालनको लागि अत्यावश्यकीय सम्पत्ति, सामान, उपकरण तथा प्रविधिको ब्यबस्थापन गरिनेछ ।

**घ) अभिलेख व्यवस्थापन**

संस्थाको अभिलेखलाई वहुआयामिक तवरबाट हेर्न र बुझ्न सकिने गरी देहायका कार्यहरु गरिनेछ ।

- संस्थाको सम्पूर्ण कारोबार सफ्ट्वेयर प्रणाली मार्फत अभिलेखीकरण गर्ने प्रक्रियालाई थप ब्यबस्थित गरिनेछ ।
- नेपाल सरकारले सहकारीहरुका लागि अनिवार्य गरेको Co-Operative and Poverty Management Information Sistem (COPOMIS) मा आवद्ध भई उक्त प्रणाली मार्फत सूचना प्रदान गरिनेछ ।

- सम्पत्ति शुद्धिकरण ऐन कार्यान्वयन निर्देशिकाको व्यवस्थाअनुसार ऐन र कार्यविधिमा उल्लेख भएका प्रावधानहरुलाई सतर्कतापूर्वक लागु गरिनेछ ।
- सिमा कारोवारको प्रतिवेदन Transactional Threshold Report (TTR) र Suspected Transactional Report (STR) लाई नेपाल राष्ट्र **बैंकमा** पठाउनुपर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

**१७. विनियम संशोधन**

- संस्थाको लक्ष्य प्राप्तीका लागि कार्यक्षेत्र विस्तार गरी देशव्यापी बनाउन आवश्यक भएकोले संस्थाको विनियम संशोधन गरिनेछ ।

**१८. वार्षिक साधारण सभा**

- संस्थाको भौगोलिक कार्यक्षेत्र ठूलो भएकोले तथा सबै सदस्यहरुको सहभागिता हुन नसक्ने कुरालाई मध्यनजर गर्दै आगामी वर्षबाट प्रतिनिधिमुलक साधारण सभा सञ्चालन गरिनेछ ।

**१९. सेवा विस्तार**

- भौगोलिक रुपले संस्थाको कार्यालयबाट समेत टाढा रहेका स्थानहरुमा सदस्यहरुको समूह बनाई सेवा प्रदान गरिनेछ ।

**२०. सदस्य सुरक्षा**

**क) सदस्य राहत कोषको व्यवस्था**

- सदस्यहरुलाई सहायता तथा राहत उपलब्ध गराउन **सदस्य राहत कोष** स्थापना गरिनेछ ।।

**ख) स्वास्थ्य विमा तथा उपचार**

- सदस्यहरुको स्वास्थ्य उपचारको लागि **स्वास्थ्य बिमा कार्यक्रम** सञ्चालन गरिनेछ ।
- संस्थाका सदस्यहरुलाई उपचारमा छुट तथा सहुलियत प्रदान गर्न बिभिन्न अस्पतालहरुसँग **छुट सम्बन्धी सम्झौता** गरिनेछ ।

**२१. सामाजिक उत्तरदायित्व**

- जनवादी गीत, संगीत र साहित्यको प्रवर्धन गर्न **प्रगतिशिल कला साहित्य प्रबर्धन कोष** स्थापना गरिनेछ ।
- बिभिन्न महत्वपूर्ण अवसरहरुमा साहित्यीक तथा साँस्कृतिक कार्यक्रम, नृत्य, शो, आदीको आयोजना तथा प्रायोजन गरी **प्रगतिशिल कला तथा साहित्य प्रबर्धन कोष**मा रकम संकलन गरिनेछ ।
- आ.व.२०८२/०८३ मा १ वटा **स्वास्थ्य शिविर** र १ वटा **रक्तदान कार्यक्रम** सञ्चालन गरिनेछ ।

**२२. प्रकाशन**

- संस्थाको आफ्नो कार्ययोजना सहितको **वार्षिक क्यालेण्डर** प्रकाशन गरिनेछ ।
- सहकारी **स्मारिका** प्रकाशन गरिनेछ ।
- **नवयात्रा डट कम** अनलाइन पोर्टललाई नियमित र प्रभाकारी बनाइनेछ ।

**२३. पुरस्कार तथा सम्मान**

- उत्कृष्ट बचतकर्ता र उत्कृष्ट ऋणीहरुहरुमध्येबाट ३/३ जना जना सदस्यलाई संस्थाको वार्षिक साधारणसभामा सम्मान तथा पुरस्कृत गरिनेछ ।

**१३. वित्तिय व्यवस्थापन**

**१. शेयर सदस्यता बृद्धि**

- गत आ.व.२०८०/८१ को अन्त्यमा कुल शेयर सदस्य संख्या ३६५ जना ७८ प्रतिशतले रहेकोमा २८५ जना थप गरी चालु आ.व. को अन्त्यसम्म ६५० जना पुऱ्याइनेछ ।

**क) शेयर सदस्य बृद्धिका रणनीति**

- कार्यक्षेत्र भित्र बसोबास गर्ने व्यक्तिहरुसँगको अन्तरक्रियाबाट ।
- सञ्चालक समिति , लेखा समिति र बिभिन्न उपसमितिको पहलमा ।
- ऋण लगानी गर्दा ऋणीको एकाघरको कम्तिमा १ जनालाई अनिवार्य सदस्य बनाउने नीतिबाट ।
- कर्मचारी तथा बजार प्रतिनिधिको सक्रियताबाट ।

## २. शेयर पुंजी बृद्धि

- आ.व. २०८१/८२ को अन्त्यमा जम्मा शेयर पुजी ३०८३६०० रहेकोमा यस आ.व. मा ७८ प्रतिशतले बृद्धि गरी रु. २३८५००० थप गरी यस आ.व.को अन्त्यमा रु.५४६८६०० पुऱ्याइनेछ ।

**क) शेयर बृद्धिका रणनीतिहरु**

- नयाँ शेयर सदस्यहरुबाट थप हुने शेयर रकम ।
- सञ्चालक समितिबाट थप हुने शेयर रकम ।
- रु ५ हजार भन्दा कम शेयर रकम भएका शेयर सदस्यबाट थप गर्दा जम्मा हुने शेयर रकम ।
- ऋण लगानी गर्दा थप हुने शेयर रकम ।

## ३. बचत बृद्धि

- आ.व. २०८१/८२ को अन्त्यमा जम्मा बचत रकम रु. ६२८०३३८.२४ रहेकोमा यस आ.व.रु. ७३,९०,००० थप बचत संकलन गरि रु. २९,००,००० बचत फिर्ता गरी यस आ.व.को अन्त्यमा रु.१०७७०३३८ पुऱ्याइनेछ । **यसरी** बचत बृद्धिको बृद्धि ७२ प्रतिशतले हुनेछ ।

**क) बचत बृद्धिका रणनीतिहरु**

**अ) अनिवार्य मासिक बचत**

- शेयर सदस्यहरुबाट अनिवार्य मासिक बचत संकलन गरेर ।
- सञ्चालकहरुबाट गरिने थप बचत रकम ।
- नियमित मासिक बचतमा प्रदान गरिने ब्याज रकमलाई बचतमा जम्मा गरेर ।

**आ) आवधिक बचत**

- आवधिक बचत, दैनिक बचत, प्रोजेक्ट बचत, बाल बचत र शैक्षिक बचतलाई नियमित सञ्चालन गरी बचतमा बृद्धि गरिनेछ ।
- सदस्यका परिवारका नावालक सदस्यका नाममा बाल बचत अनिवार्य गर्न प्रोत्साहित गरिनेछ ।

**आ) ऐच्छिक बचत**

- सदस्यहरुको ईच्छा अनुसारका वचत योजनाहरु लागु गरी ऐच्छिक वचत बृद्धि गरिनेछ ।
- डिजिटल बैंकिङको प्रयोग मार्फत सदस्यहरुले ऐच्छिक बचतलाई चाहेअनुसार सरल तरिकाले झिक्न र जम्मा गर्न पाउने बनाई बचत गर्न आकर्षित गरिनेछ ।

## ४) सदस्यहरुको बचत सुरक्षा रणनीति

- सदस्यहरुको बचत रकमको बीमा गरिनेछ ।
- बचतको बीमा गरिनेछ ।
- कर्जा जोखिम व्यबस्थापन कोषको व्यवस्था गरिनेछ ।
- कर्जा लगानी गर्दा लिइने ५सी विश्लेषणको मापदण्डलाई कडाई गरिनेछ । (5C- Character, Capacity, Capital, Collateral, Condition, ) 6C- Climate)

## ५ कर्जा लगानी

- 5C Analysis को आधारमा मात्र ऋण लगानी गरिनेछ ।
- ऋण लगानी गर्दा ऋणीको एकाघरको कम्तिमा १ जनालाई अनिवार्य सदस्य बनाउने नीति लागु गरिनेछ ।
- ऋणको अनिवार्य बीमा गरिनेछ ।
- धितो तथा बिनाधितो कर्जा लगानी गर्ने ्
- कृषिमा सहुलियतपूर्ण ब्याजदरको व्यवस्था गर्ने
- ऋण लगानीको विवरण कर्जा सूचना केन्द्रमा पठाउने ।
- प्रभाबकारी जोखिम व्यवस्थापन गरि कर्जा सुरक्षणको ग्यारेण्टी गर्ने ।

**क) लगानी बृद्धिका रणनीतिहरु**

- बचतमा बृद्धि ।
- शेयरमा बृद्धि ।
- बाह्य कर्जा तथा सापटी ।
- ब्यापार तथा उत्पादन परियोजना सञ्चालन ।
- संस्थागत कोषहरुमा बृद्धि ।

**ख) लगानी प्राथमिकताका क्षेत्रहरु**

- दैनिक आय हुने स-साना ब्यापार व्यवसाय
- उत्पादनमूलक व्यवसाय
- लघु उद्यम व्यवसाय
- साना तथा घरेलु उद्योग ।
- संस्थागत लगानीका व्यवसाय ।

**ग) संस्थागत लगानीमा सञ्चालन गरिने योजनाका रणनीतिहरु**

- संस्थालाई आत्मनिर्भर र व्यवसायीक बनाउन ।
- सँस्थाको दिगोपना सुनिश्चित गर्न ।
- सदस्यहरुलाई प्रतिस्पर्धी एवं उच्च आर्थिक लाभ सुनिश्चि गर्न ।
- सामुहिक सहभागिता र लगानीको प्रयोग मार्फत संस्थागत पुंजीको बिकास गर्न. ।
- सामुहिक उत्पादन प्रणालीको अभ्यास मार्फत समाजबादी अर्थसम्बन्धको बिकास गर्न ।
- बजार अर्थतन्त्रमा बिचौलियाहरुको अन्त्य गरी उत्पादनका वस्तु तथा सेवाहरु सुलभ दरमा बिक्रि बितरण गर्न ।

**६. तरलता व्यबस्थापन**

- निक्षेप संकलन मार्फत ।
- सेयर बिक्री मार्फत ।
- उत्पादनका वस्तु तथा सेवाहरुको बिक्री मार्फत ।
- बाह्य कर्जा तथा सापटी मार्फत ।
- लगानीबाट प्राप्त आम्दानी ।
- बिबिध आम्दानी ।

आदरणीय शेयर सदस्य ज्यूहरु
अब म आ.व. २०८२/०८३ को लक्ष्य सहितको वार्षिक कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## लक्ष्य सहितको वार्षिक कार्यक्रम

आ.व २०८२/०८३ को लागि स्वीकृत नीति तथा कार्यक्रम (योजना अनुरुप) तयार गरिएको संस्थागत विकास लक्ष्य सहितको कार्यक्रम र बजेटको विस्तृतीकरण :

**१.सदस्यता वृद्धि लक्ष्य :**

| |
|---|
| *आ.व. २०८२/०८३ मा सदस्य संख्या बृद्धिको लक्ष्य : ६५० जना ।* |

**सदस्य विस्तारका क्षेत्र, कार्यक्रम तथा जिम्मेवारी**

| क्र.स. | विस्तारका क्षेत्रहरु | अपेक्षीत सदस्य संख्या |
|---|---|---|
| १. | केन्द्रीय समिति, केन्द्रीय सल्लाहकार, केन्द्रीय जनप्रतिनिधि, केन्द्रीय बिभागहरु, केन्द्रीय कार्यालय | ६० जना |
| २. | जवस/मोर्चाका केन्द्रीय समिति | ३० जना |
| ३. | बचत समूह गठन मार्फत (काठमाण्डौ, ललितपुर पार्टीसंगको समन्वयमा) | ३० जना |
| ४. | सदस्यता विस्तार अभियान मार्फत/ऋण लगानी गर्दा एकाघरका सदस्य वृद्धि | २० जना |
| ५. | बजार प्रतिनिधि तथा कर्मचारी मार्फत ( हरेक महिना ५ जनाका दरले) | ३० जना |
| ६. | सञ्चालक समितिको पहलमा (एक सञ्चालक बराबर १५ जनाका दरले) | १०५ जना |
| | **जम्मा सदस्य** | **२६५ जना** |
| | **संस्थागत सदस्य थप** | **२० वटा** |
| | **कूल सदस्य संख्या** | **२८५** |

## २. शेयर पूँजी वृद्धि :

आ.व. २०८२/०८३ को कूल शेयर पूजी बृद्धिको लक्ष्य : **रु. २३,८५,०००/-**

| क्र.स | वृद्धिका क्षेत्रहरु | कुलमा वृद्धि % | वृद्धि रकम |
|---|---|---|---|
| १ | केन्द्रीय समिति, केन्द्रीय सल्लाहकार, केन्द्रीय जनप्रतिनिधि, केन्द्रीय बिभागहरु, केन्द्रीय कार्यालय | १२.५७% | ३,००,०००/- |
| २ | जवस/मोर्चाका केन्द्रीय समिति | ३.७७% | ९०,०००/- |
| ३ | बचत समूह गठन मार्फत (काठमाण्डौ, ललितपुर पार्टीसंगको समन्वयमा) | १.२५% | ३०,०००/- |
| ४ | सदस्यता विस्तार अभियान मार्फत/ऋण लगानी गर्दा एकाघरका सदस्य वृद्धि | ०.८३% | २०,०००/- |
| ५ | बजार प्रतिनिधि तथा कर्मचारी मार्फत ( हरेक महिना ५ जनाका दरले) | १.२५% | ३०,०००/- |
| ६ | सञ्चालक समितिको पहलमा (एक सञ्चालक बराबर १५ जनाका दरले) | १३.२०% | ३,१५,०००/- |
| ७ | ऋण लगानी गर्दा | १२.५७% | ३,००,०००/- |
| ८ | संस्थागत सदस्यबाट | ४.१९% | १,००,०००/- |
| ९ | सञ्चालक, लेखा समिति, उपसमिति तथा कर्मचारीहरुबाट थप शेयर खरिद | २५.१५% | ६,००,०००/- |
| १० | साबिकका सदस्यहरुबाट थप शेयर | २५.१५% | ६,००,०००/- |
| | **जम्मा** | **१०० %** | **२३,८५,०००/-** |

## ३. निक्षेप संकलन लक्ष्य

**आ.व. २०८२/०८३ मा निक्षेप संकलन लक्ष्य : रु. ७३,९०,०००/-**

| क्र.स | वृद्धिका क्षेत्रहरु | निक्षेप संकलन | निक्षेप फिर्ता | बाँकी बचत |
|---|---|---|---|---|
| १ | नयाँ बन्ने सदस्यहरु (केन्द्रीय समिति, केन्द्रीय सल्लाहकार, केन्द्रीय जनप्रतिनिधि, केन्द्रीय बिभागहरु, केन्द्रीय कार्यालय) | ३,००,०००/- | ० | ३,००,०००/- |
| २ | जवस/मोर्चाका केन्द्रीय समिति | १,२०,००० /- | ० | १,२०,००० /- |
| ३ | बचत समूह गठन मार्फत (काठमाण्डौ, ललितपुर पार्टीसँगको समन्वयमा) | १,२०,००० /- | ० | १,२०,००० /- |
| ४ | सदस्यता विस्तार अभियान मार्फत/ऋण लगानी गर्दा एकाघरका सदस्य वृद्धि | ५०,०००/- | ० | ५०,०००/- |
| ५ | बजार प्रतिनिधि तथा कर्मचारी मार्फत ( | १,००,००० /- | ० | १,००,००० /- |

| | | | | |
|---|---|---|---|---|
| | हरेक महिना ५ जनाका दरले) | | | |
| ६ | सञ्चालक समितिको पहलमा (एक सञ्चालक बराबर १५ जनाका दरले) | ३,००,०००/- | ० | ३,००,०००/- |
| ७ | ऋण लगानी गर्दा | ५००,०००/- | ० | ५००,०००/- |
| ८ | संस्थागत/साधारण बचत | ३०,००,००० /- | २०,००,०००/- | १०,००,००० /- |
| ९ | सञ्चालक, लेखा समिति, उपसमिति तथा कर्मचारीहबाट हुने बचत | ५,००,०००/- | ० | ५,००,०००/- |
| १० | मौजुदा सदस्यहरुबाट हुने नियमित बचत | ६,००,०००/- | ० | ६,००,०००/- |
| ११. | दैनिक बचत | २,००,०००/- | १,००,००० /- | १,००,००० /- |
| १२. | ऐच्छिक बचत | १०,००,००० /- | ५,००,०००/- | ५,००,०००/- |
| १३. | आबधिक बचत | ५,००,०००/- | ३,००,००० /- | २,००,००० /- |
| १३ | बाल बचत | ५०,०००/- | ० | २,००,०००/- |
| १४. | प्रोजेक्ट बचत | ५०,०००/- | ० | ५०,०००/- |
| | | | | |
| | **जम्मा** | **७३,९०,०००/-** | **२९,००,०००/-** | **४४,९०,०००/-** |

**बचत वृद्धि कार्यक्रमहरु :**

| क.स | कार्यक्रमको नाम | आयोजना हुने मिति | संयोजन तथा जिम्मेवारी | |
|---|---|---|---|---|
| | | | संयोजन | व्यवस्थापन |
| १. | मासिक नियमित बचत | हरेक महिना | सञ्चालक | व्यवस्थापन |
| २. | बचतका बिभिन्न प्रोडक्टहरु मार्फत | हरेक दिन | | सञ्चालक तथा व्यवस्थापन |
| ३. | बचत समूहहरु मार्फत बिभिन्न शिर्षकमा बचत | हरेक महिना | | सञ्चालक तथा व्यवस्थापन |

**४.लगानी लक्ष्य**

**आ.व. २०८२/०८३ मा लगानीको लक्ष्य : १ करोड दुई लाख ५० हजार**

| **क.स.** | **लगानीको क्षेत्र** | **लगानी रकम** |
|---|---|---|
| १. | संस्थागत परियोजनामा | ३५,००,०००/- |
| २. | ऋण लगानी | ६०,००,०००/- |
| ३. | राष्ट्रिय सहकारी बैंकमा लगानी | ५,००,००० /- |
| ४. | जिल्ला सहकारी संघमा लगानी | १,००,०००/- |
| ५. | केन्द्रिय बहुउद्धेश्यीय सहकारी संघ | १,५०,००० /- |
| | **कुल लगानी** | **१,०२,५०,०००/-** |

**ऋण बृद्धिका कार्यक्रमहरु-**

| **क.स** | **कार्यक्रम** | **सञ्चालन हुने मिति** | **संयोजन** | |
|---|---|---|---|---|
| | | | उप समिति | व्यवस्थापन |
| १. | सदस्यहरुको आबश्यक्ताको प्राथमिकताका आधारमा | हरेक दिन | ऋण उप समिति | ऋण बिभाग |
| २. | उद्यमका तथा व्यबसायको आधारमा | दैनिक रुपमा | ऋण उप समिति | ऋण विभाग |

**५. तरलता व्यवस्थापन**

संस्थामा बचत भुक्तानीको लागि कुल निक्षेपको २० प्रतिशत रकम तरलताको रुपमा राखिनेछ ।

**६. लगानीको स्रोत व्यबस्थापन**

| लगानी तर्फ | रकम रु. | स्रोत व्यवस्थापन तर्फ | रकम रु. |
|---|---|---|---|
| कुल लगानी योजना | १,०२,५०,००० /- | शेयर पुजी | २३,८५,०००/- |
| तरलता व्यवस्थापन | **१४७८०००/-** | निक्षेप | ७३,९०,०००/- |
| | | (बाह्य कर्जा तथा सापटी) | १९,५३,००० /- |
| **कुल** | **१,१७,२८,०००** | **कुल** | **१,१७,२८,०००** |

**आ.व. २०८२/०८३ को लक्ष्य प्राप्तिका लागि सम्भावित समस्या /चुनौती र समाधानका उपायहरु**
**सम्भावित समस्याहरु/चुनौतीहरु**

- बचतमा न्युन ब्याजदर ।
- कर्जामा न्युन ब्याजदरको कारण आउने अधिक माग
- राजनीतिक वातारण र राजनीतिक अस्थिरता
- कानुनी वातावरणको असहजता
- सदस्यको पुजींमा बजारदर बमोजिमको प्रतिफल वितरणको समस्या
- अर्थतन्त्रको सङ्कुचनका कारण पुजी बृद्धि र कर्जा असुलीमा जटिलता
- बिना धितोको कर्जा लगानीमा सुरक्षणको चुनौती
- सञ्चालन लागत बढेर नाफा तथा कोष बृद्धिमा प्रतिकुल प्रभाव
- नियामकीय निकाय र मापदण्डमा अस्पष्टता ।

समाधानका उपायहरु

- बचतका प्रोडक्टहरुमा प्रतिस्पर्धी ब्याजदर कायम गरि बचत बृद्धि गर्ने ।
- सञ्चालन खर्च नियन्त्रण गरि नाफा तथा कोषहरुमा बृद्धि गर्ने
- उच्च दरको लाभांश वितरणको सुनिश्चितता गरि सेयर बृद्धि गर्ने ।
- 5C Analysis को आधारमा समग्र जोखिम मुल्याङ्कन गरेर मात्र ऋण लगानी गर्ने ।
- उच्च तरलता व्यवस्थापन गर्न प्रभावकारी रणनीति अवलम्बन गर्ने ।
- नियामक निकायसँग समन्वय र सहकार्य गर्ने ।
- सुशासन र पारदर्शीता कायम गरि सदस्यहरुको विश्सनियता कायम गर्ने ।

**अन्त्यमा,**

आ.व.२०८२/०८३ का लागि संस्थाले निर्धारण गरेका वित्तीय तथा गैरवित्तीय लक्ष्यहरु हासिल गर्न संस्था पूर्ण रुपमा प्रतिबद्ध रहेकोछ । संस्थाले विगत वर्षहरुमा हासिल गरेका उपलब्धीहरुलाई संस्थाको छवी निर्माणमा उपयोग गर्ने गरि उपलब्धीहरुको पुजीकरण गरिनेछ । सञ्चालक समितिको अपूर्णता र योग्य तथा दक्ष कर्मचारीको अभावका कारण पनि कैंयौं बाधा अड्चनहरु भोग्नुपरेको विगतलाई आगामी दिनहरुमा दक्ष सञ्चालकहरुको टिम र कर्मचारीहरुको मेहनत र सदस्यहरुको सामुहिक प्रयास मार्फत विर्सिने गरि काम गरिनेछ । सदस्यसँग निरन्तर समन्वय गरि संस्थाप्रति अपनत्व कायम गरि आउनसक्ने सम्भावित चुनौतीलाई सामना गर्ने रणनिति अख्तियार गरिनेछ । पारित गरिएका नीति तथा कार्यक्रमको कार्यान्वयन मार्फत अपेक्षित परिणाम हासिल गर्ने संकल्प गरिन्छ ।